मिति २०८१/०९/२४ गते बसेको सातौं गाउँकार्यपालिका बैठकको उपस्थिति

मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको बैठक

मिति २०८१/०९/२४ बैठक संख्या : २०८१/०८२-०७ समय : बिहान ८: ०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालिको कार्यालय, लामिटार

उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/बैठक सहयोगी

श्री अन्जना सुवेदी प्रशासन शाखा प्रमुख

Scanned with CamScanner

मिति २०८१/०९/२४ गते बसेको सातौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

प्रस्तावहरु :

१. समीक्षा ।

२. व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८० संशोधन सम्बन्धमा ।

३. पदपुर्ति सम्बन्धमा ।

४. गाउँ सभाको अधिवेशन संचालन सम्बन्धमा ।

५. पुर्नस्थापना केन्द्रसंग सम्झौता सम्बन्धमा ।

६. गरिबसंग विशेश्वर स्वास्थ्य विमा कार्यक्रम सम्बन्धमा ।

७ सेनिटरी प्याड डिस्पोजल मेसिन खरिद सम्बन्धमा ।

८. जनतासंग अध्यक्ष/उपाध्यक्ष विकास कार्यक्रमबाट भएको सम्झौता अनुमोदन सम्वन्धमा ।

९. आयोजना फरफारक सम्वन्धमा ।

१०. सेवा प्रवाह सम्वन्धमा ।

११. सोधभर्ना सम्वन्धमा।

१२. मेडिकल अधिकृतको प्रोत्साहन भत्ता सम्वन्धमा ।

१३. मनहरी गाउँपालिकाको LAPA (Local adaptation plan for action) निर्माणको लागि समिति गठन सम्वन्धमा ।

१४. आ.व. ०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (Lisa) नतिजा अनुमोदन सम्वन्धमा ।

१५. खर्च अनुमोदन सम्वन्धमा ।

१६. श्री शहिद हिरा स्मृती आधारभुत स्वास्थ्य केन्द्रको जग्गा नामसारी सम्बन्धमा ।

१७. अख्तियारी दिने सम्वन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँपालिकाबाट भएका अधिकाशं निर्णयहरु कार्यान्वयन भईसकेको र केही निर्णयहरु कार्यान्वयनको लागि सम्बन्धित शाखा/वडा कार्यालयलाई निर्देशन दिने निर्णय गर्दै प्रगति तथा उपलब्धीको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि,२०८० को प्रथम संशोधन स्विकृत गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको वडा नं. १ को चकरी, मकरी, गोगनपानी तथा वडा नं. २ क्षेत्रका गर्भवती महिलाहरुलाई सुरक्षित प्रसुति सेवा प्रदानको



रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रतैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

लागि स्थापना भएको बर्थिङ सेन्टरको लागि एक अ.न.मी पदमा पदपुर्ती गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८१/०९/२९ गते सोमबार दिनको ११:०० बजे मनहरी गाउँपालिकाको गाउँसभाको सोह्रौं अधिवेशन बस्ने सम्बन्धमा जानकारी प्राप्त भयो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनहरी गाउँपालिकाका क्षेत्रभित्र रहेका लागुपदार्थको दुर्व्यसनी परेका व्यक्तिहरुलाई सामाजिक पुर्नस्थापनाको लागि मिति २०८१/०८/२० गते बसेको छैठौं गाउँकार्यपालिका बैठकबाट सियान पुनर्स्थापना केन्द्रलाई अनुदान सहायता दिन भनिएकोमा हाल मनहरी गाउँपालिकाका क्षेत्र भित्रका व्यक्तिलाई सामाजिक पुनर्स्थापना गर्नको लागि सियान पुनर्स्थापना केन्द्र र रुकवानपुर रिकभरिङ समुहलाई अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिका क्षेत्रभित्रका विपन्न परिवारहरुको निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनको लागि प्रति वडा २०० घरपरिवार नबढ्ने गरी विपन्न परिवार छनौट गरी पठाउने र थप २०० घर परिवारको हकमा वडामा छुट भएका र विपन्न परिवार भएको पाईएमा गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षको सिफारिसमा जम्मा २००० घर परिवारको निःशुल्क स्वास्थ्य बिमा गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनेटरी प्याड व्यवस्थापन शिर्षक मार्फत तोकिएको छात्राका लागि नियमानुसार स्यानिटरी प्याड खरिद गरी बचत भएको रकमबाट माध्यामिक तहका ९ वटा विद्यालयका लागि स्यानिटरी प्याड disposal machine सोही शिर्षक मार्फत खरिद गरी वितरण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को लागि पूजीगत तर्फ विनियोजित जनतासंग अध्यक्ष र जनतासंग उपाध्यक्ष कार्यक्रम कार्यान्वयनको लागी स्वीकृत भएको कार्यक्रम संचालन कार्यविधि, २०७९ अनुसार मिति २०८१/०४/०१ देखी २०८१/०९/२१ सम्म अनुसूची – १ बमोजिमको योजनाहरु सम्झौता भएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

रत्जन कालाखेती
अध्यक्ष

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस चालु आ.व. ०८१/०८२ मा विनियोजित सार्वजनिक निर्माण लगायत अन्य बजेट कार्यान्वयनको अवस्थाको स्थलगत रुपमा अनुगमन गरी योजना पिच्छे छुट्टा छुट्टै तयार भएको अनुगमन प्रतिवेदनको आधारमा अनुगमन तथा सुपरीवेक्षण समितिको विभिन्न मितिमा सम्पन्न बैठकबाट कार्यालयलाई भुक्तानीको लागि गरिएको सिफारिस बमोजिम अनुसूची- २ बमोजिमका योजनाको भुक्तानी सम्बन्धी कार्य सदर सहित फरफारक गरि अनुमोदन गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा गाउँपालिका वा अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुबाट प्रवाह भएको सेवाको अवस्था बारेमा छलफल भयो ।सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा मनहरी अस्पताल निर्माण आयोजनाको ७ औं रनिङ विल अनुसारको भुक्तानीको लागि निर्माण व्यवसायी बुद्ध/शिवाको/पुष्पाञ्जली- जे.भि. बाट निवेदन प्राप्त भएकोले उक्त रकम गाउँपालिकाको समपुरक तथा अन्य सार्वजनिक निर्माण शिर्षकबाट सापटी भुक्तानी दिने र उक्त रकम उपलब्ध गराईदिनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा मनहरी अस्पतालको लागि बागमती प्रदेश सरकारबाट प्राप्त कार्यक्रम अनुसार मनहरी अस्पतालमा जनशक्ती व्यवस्थापनको लागि प्राप्त रकमबाट मेडिकल अधिकृतको लागि उपलब्ध गराईने आधार तहको तलबभत्ताको सेवा सुविधामा मनहरी अस्पतालको कार्यचापलाई मध्यनजर गरी मेडिकल अधिकृतलाई आकर्षित गर्न गाउँपालिकाको तर्फबाट शत प्रतिशत प्रोत्साहन सुविधा थप गरी चिकित्सकीय सेवा सुनिश्चित गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा मनहरी गाउँपालिका भित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षणमा देखिएका समस्या र विभिन्न सवालमा जीव जिवजन्तु तथा जैविक विविधता संरक्षण सम्बन्धमा LAPA (Local adaptation plan for action) तयार गर्ने प्रयोजनको लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको एक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. संयोजक – गाउँपालिका अध्यक्ष – श्री रन्जन कालाखेती

२. सदस्य – गाउँपालिका उपाध्यक्ष - श्री सिता पुलामी मगर



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

३. सदस्य – प्रमुख प्रशासकीय अधिकृत- श्री रमेश सुवेदी

४. सदस्य सामाजिक विकास समिति संयोजक – श्री अनन्त प्रकाश अर्याल

५. सदस्य - वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक – श्री राजकुमार श्रेष्ठ

६. सदस्य – कार्यपालिका सदस्य - श्री मिरा खत्री

७. सदस्य - विधायन समिति सदस्य – श्री हिरा बहादुर प्रजा

८. सदस्य - वडा सदस्य – श्री लक्ष्मी वि.क.

९. सदस्य - वरिष्ठ लेखा अधिकृत – श्री राजेन्द्र भट्टराई

१०. सदस्य - विषय विज्ञ – श्री मान बहादुर वि.क. (यु.एस.इ.आई.डी)

११. सदस्य सचिव – उद्यम विकास सहजकर्ता – श्री सम्झना दङ्गाल

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को दफा ४ (ज) बमोजिम ८२.२५अङ्क अनुमोदन गरी अनुमोदित अन्तिम नतिजालाई कार्यालयको सूचनापाटी तथा वेभसाईटमा राखि नतिजाको प्रति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र जिल्ला समन्वय समिति लगायतका निकायमा पठाउने र आगामी दिनहरुमा कार्य सम्पादनमा थप सुधार गरी उच्चतम नतिजाका लागि प्रयासरत रहने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा गाउँपालिकासंग विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने कार्यको लागि तपसिल बमोजिम माग भई आएको रकम तोकिएको शिर्षकबाट भुक्तानी गरेको खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र. सं. | खर्च माग गर्ने निकाय | खर्च भएको कार्यक्रमको विवरण | खर्च व्यहोर्ने स्रोत | भुक्तानी हुने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | अमिशा एण्ड अनिसा गलैंचा | उद्योग संचालन र रोजगारी अभिवृद्धि | अन्य फिर्ता/ विविध शिर्षक | १ लाख | अनुमोदन |
| २ | बासु देव उप्रेती | मिति २०८१/०८२५ गतेको | विपद् व्यवस्थापन कोष | ५० हजार | अनुमोदन |



मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया,मकवानपुर बागमती प्रदेश,नेपाल

रन्जन कालाखेती
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | कपडा, अन्न, नगद जलेर पूर्ण क्षति भएको | | | |
| ३ | नवराज होटल, मनहरी ९ | गाउँपालिकाको विभिन्न कार्यक्रममा अतिथीलाई खाना, खाजा खुवाए बापतको खर्च | अमानतमा नदिजन्य पदार्थ कर संकलन तथा उत्खनन/अनुगमन मुल्याङ्कन/अतिथि सत्कार | ५३ हजार २२५ | अनुमोदन |
| ४ | बसन्तपुर टोल विकास संस्था, मनहरी -०५ बसन्तपुर । | उद्योग बाणिज्य संघ पश्चिम क्षेत्र समिति मनहरी र पत्रकार मित्र यहि २०८१/०६/१९ गते मदन भण्डारी क्षेत्रिय रंगशालामा फुटबल प्रतियोगिता | खेलकुद विकास समितिको निर्णय अनुसार खेलकुद संचालन तथा व्यवस्थापन | १५ हजार | |
| ५ | खिष्टयन समाज वडा नं. ६ | क्रिसमसको अवसरमा जनचेतना कार्यक्रम संचालन अनुदान | उद्योग बाणिज्य संस्कृति पर्यटन अनुगमन तथा खाद्य सुरक्षा कार्यक्रम | ७५ हजार | |

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. २ को श्री शहिद हिरा स्मृती आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणको लागि आवश्यक पर्ने जग्गा वडा नं. २ निवासी श्री रुपचन्द्र थिङको नाममा दर्ता कार्यम भएको सावीक हाँडीखोला गा.वि.स. वडा नं. ४ मा रहेको कि.नं. ५०१ ज.वि. ०-१४-१५-० मध्यबाट ०-२-०-० जग्गा दान स्वरुप दिन मन्जुरी दिएको हुँदा राजश्व छुट हुने गरी उक्त जग्गा मनहरी गाउँपालिका अन्तर्गतको श्री शहिद हिरा स्मृती आधारभुत स्वास्थ्य केन्द्रको नामामा नामसारी गर्न मालपोत कार्यालय हेटौंडालाई सिफारिस गर्ने निर्णय गरियो ।

१७. प्रस्ताव नं. १७ माथि छलफल गर्दा मनहरी गाउँपालिका समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा सुनकोसी गाउँपालिका सिन्धुपाल्चोकको प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत मोहन कुमार श्रेष्ठले दायरा गर्नुभएको ०८१-WO-०४९२ को उत्प्रेषण समेत मुद्धामा मनहरी गाउँपालिकाको कार्यालय तथा ऐ ऐ को प्रमुख प्रशासकीय अधिकृत समेतको तर्फवाट लिखित जवाफ तयार गरि दर्ता गर्ने,तारेखमा रहि मुद्धाको पुर्पक्ष गर्ने, बहस पैरवी गर्ने, आवश्यकता बमोजिम कानून व्यवसायी मुकरर गर्ने लगायतका जे जो गर्नुपर्ने कामको लागि मनहरी गाउँपालिकामा न्यायिक सहजकर्ता पदमा कार्यरत अधिवक्ता श्री रेखा सापकोटालाई अख्तियारी दिने निर्णय गरियो ।

५

रन्जन कालाखेती
अध्यक्ष

अनुसूची-१

मिति २०८१/०९/२४ गते बसेको सातौं गाउँकार्यपालिका बैठकको निर्णय नं. ८ संग सम्बन्धित

| जनतासँग अध्यक्ष विकास तथा उपाध्यक्ष विकास कार्यक्रमको सम्झौता भएको योजना मिती २०८१।०४।०१ देखी २०८१।०९।२१ सम्म | | | | |
|---|---|---|---|---|
| क.स. | योजनाको नाम | रकम | कार्यान्वयन हुने वडा | कोषको नाम |
| १ | युनिभर्शल जाने बाटो निर्माण उ.स.मनहरी-७ | ५००००० | ७ | जनतासँग अध्यक्ष विकास |
| २ | फरिवाङ्ग खेलकुद मैदान संरक्षण उ.स मनहरी-६ | ११४०००० | ६ | जनतासँग अध्यक्ष विकास |
| ३ | स्कुल खहरे खोलामा तटवन्धन उ.स. मनहरी-५ | १०००००० | ५ | जनतासँग अध्यक्ष विकास |
| ४ | सेल्फि चोक देखि गैरी टोल जाने बाटो स्तरीकरण उ.स.मनहरी-५ | १०००००० | ५ | जनतासँग अध्यक्ष विकास |
| ५ | च्यापल उकालो हुँदै सिता मा.वि. जाने सडक स्तरीकरण उ.स.मनहरी-२ | २५००००० | २ | जनतासँग अध्यक्ष विकास |
| ६ | प्रणामी मंदीरमा इन्टरलक ब्लक र नाला निर्मीण उ.स.मनहरी-९ | ४६०००० | ९ | जनतासँग अध्यक्ष विकास |
| यस अवधिको जम्मा सम्झौता | | ६६००००० | | |
| १ | च्यापल उकालो हुँदै सिता मा.वि. जाने सडक स्तरीकरण उ.स.मनहरी-२ | १०००००० | २ | जनतासँग उपाध्यक्ष विकास |
| २ | बुद्ध शान्ति हरीत पार्कमा ल्होछार ट्रस निर्माण उ.स.मनहरी-७ | ९००००० | ७ | जनतासँग उपाध्यक्ष विकास |
| ३ | मार्ग दर्शन मणडली चर्च जिप्सन निर्माण उ.स.मनहरी-६ | २००००० | ६ | जनतासँग उपाध्यक्ष विकास |
| यस अवधिको जम्मा | | २१००००० | | |

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

रमेश मुकेरी

अनुसूची – २

मिति २०८१/०९/२४ गते बसेको सातौं गाउँकार्यपालिका बैठकको निर्णय नं. ९ संग सम्बन्धित

| मनहरी गाउँपालिका | | | | |
|---|---|---|---|---|
| गाउँ कार्यपालिकाको कार्यालय | | | | |
| रजैया, मकवानपुर | | | | |
| आ.व.२०८१/०८२ को मिति २०८१/०४/०१ देखि २०८१/०९/२१ सम्म सम्पन्न योजनाहरु | | | | |
| सि.न. | योजना/कार्यक्रमको नाम | वडा न. | लागत अनुमान रकम रु. | सम्पन्न खुद भुक्तानी रकम. |
| १ | वाईबा टोल बाटो स्लाब ढलान उपभोक्ता समिती मनहरी-७ | ७ | ४७१०२९ | ४००००० |
| २ | लोयर काग्रेस चोक देखी रुम्बाटोल जाने बाटोमा स्लाब ढलान मनहरी-६ | ६ | ४१२१९७४४ | ३५०००० |
| ३ | सुकौरा प्रजा टोल बाटो निर्मा उपभोक्ता समिती मनहरि-९ | ९ | ५९१३७८.४५ | ५००००० |
| ४ | वडा कार्यालय सुकौरा बाटो ढलान | ९ | ७०६२१५.३४ | ५९९४२९ |
| ५ | घैया डाडाँ बाटो स्तरिकरण | १ | ४७२०१७५ | ४००००० |
| ६ | भि.आई.पि. चोक जाने दोस्रो बाटो ढलान | ८ | ५८८५७१.८९ | ५००००० |
| ७ | पोलाघारी बाटो स्तरोन्नती | ६ | ४७११५१४ | ४००००० |
| ८ | डिल्लीपुर बसपार्क बाटो स्तरीकरण | ५ | ५८८२४७४ | ५००००० |
| ९ | दोड उकालो सडक स्तरीकरण | २ | ५८८४१५.२९ | ५००००० |
| १० | सर्सिधाप मुख्य खोल्ची संरक्षण उपभोक्ता समिती | २ | ४७०८४१.८ | ४००००० |
| ११ | कालिदमार माथिल्लो बाटो स्तरिकरण | ३ | २३६६३५.९४ | २००००० |
| १२ | रातोमाटे जाने बाटो स्तरिकरण | ३ | ५८८९२२.८९ | ४९९५७५ |
| १३ | बुद्धिष्ट दाह संस्कार घेरा बार निर्माण उ.स. | ६ | ३५४५६९.८८ | ३००००० |
| १४ | चौतारा निर्माण सहित लामा टोल बाटो स्तरीकरण | ५ | ५८८६४३.१६ | ५००००० |
| १५ | अस्थायी ह्युमपाईप पुल निर्माण | ५ | ५८८२४३.३९ | ५००००० |
| १६ | ऋषि बर्तौलाको घर देखि दक्षिण बाटो स्ल्याब ढलान | ७ | ४७२५६० | ४००००० |
| १७ | सिम्पानी खानेपानी तथा सरसफाई उपभोक्ता सामिती मनहरी -८ मिती २०८१।०३।०४ का.पा निर्णयबाट अन्य सार्वजनिक निर्माण तथा समपुरक | ८ | २८२३७८७४६ | २३९४०७९.२७ |
| १८ | मनहरी दाहस्कार स्तरउन्नती | ७ | ५८८५९७ | ४९९४४१ |

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय

अनुसूची – २

मिति २०८१/०९/२४ गते बसेको सातौं गाउँकार्यपालिका बैठकको निर्णय नं. ९ संग सम्बन्धित

| | | | | |
|---|---|---|---|---|
| १९ | स्वास्थ्य भवन वरण्डा मर्मत तथा खानेपानी व्यवस्थापन उ.स. मनहरी-१ स्वास्थ्य संस्था संचालन पुर्वाधार खर्च शिर्षकबाट | १ | ३१९२३९.१७ | २५९०१५ |
| २० | चकरी पुछार मकरी जाने बाटो मर्मत | १ | ३५४१८७.१६ | ३००००० |
| २१ | कोकाकोला डिपो जाने बाटो ढलान | ८ | ५८८८६२९५ | ५००००० |
| २२ | सानु कान्छा खहरे टोल देखि पुलिसको घर सम्मको बाटो स्तरीकरण | ५ | ५८८४९०.०४ | ५००००० |
| २३ | लामिटार खेलमैदान संरक्षण | ३ | २३६५२८८.८२ | १९९४८० |
| | जम्मा | | १३६८९३३३.१९ | ११६०१०१९.२७ |

रञ्जन कालाखेती
अध्यक्ष

गाउँ कार्यपालिकाको सातौं बैठक